# क्षमता बिकास सम्बन्धी अध्ययन

अनुसन्धान संक्षेप

## युथ भिजन, नेपाल

ब्रिजिङ्ग द ग्याप्स कार्यक्रम, नेदरल्याण्ड सरकारको सहायतामा सन् २०११ देखि संचालनमा आएको कार्यक्रम हो । यो परियोजनाको ध्येय समलिङ्गी, यौनिक अल्पसंख्यक, यौनकर्मी, लागुपदार्थ प्रयोगकर्ता र एचआईभी संक्रमित व्यक्तिहरुको स्वास्थ्य र मानव अधिकारको सुनिश्चिता गर्नु रहेको थियो । यो परियोजना ९ वटा अन्तरराष्ट्रिय छाता संगठनहरु जस्तै Aidsfonds; AFEW International; COC Netherlands; MPact Global Action for Gay Men's Health and Rights; Global Network of People Living with HIV; the Global Network of Sex Work Projects; International Network of People Who Use Drugs; International Treatment Preparedness Coalition र Mainline को सहकार्यमा १५ देशहरुमा संचालन भएको थियो। यसै परियोजना अन्तर्गत जोखिम न्यूनीकरण कार्यक्रमका लागि नेपालमा सन् २०११ देखि २०१९ सम्म ब्रिजिङ्ग द ग्याप्स कार्यक्रम अन्तरगत काठमाण्डौ उपत्यकामा संचालन गर्नको निमित्त युथ भिजन संस्थालाई बिषेश सहयोग गरेको थियो ।



HEALTH ECONOMICS AND HIV AND AIDS RESEARCH DIVISION

Working to advance health equity in Africa

© HEARD 2020



ब्रिजिङ्ग द् ग्याप्स परियोजनाको अर्को मुख्य उद्धेश्य भनेको जोखिमपूर्ण अवस्थामा रहेका लक्षित समुदायहरुमा सन् २०३० को अन्त्य सम्ममा एचआईभी एड्सको संक्रमणको जोखिम न्यूनीकरण गर्न योगदान दिनु रहेको थियो । उक्त उद्धेश्यहरुलाई खास गरी तीन वटा उपलब्धीहरु हाँसिल गर्ने योजना तय गरिएको थियो । त्यस मध्ये पहिलो सरकारलाई जवाफदेहि बनाउन सक्ने बलियो तथा योग्य नागरीक समाज । त्यसैगरी दोस्रो रहेको थियो लक्षित समुदायको मानव अधिकारको परिपुरण र तेस्रो, प्रजनन् स्वास्थ्यको अवस्थामा सुधार गरि एचआईभी संक्रमणमा कमि आउनु रहेको थियो । नागरीक समाज यस परियोजनाको मुख्य जग हो । किनकि माथि उल्लेख गरिएका लक्षित समुदायहरुको स्वास्थ्य र अधिकार सम्बन्धि उपलब्धीहरुलाई हाँसिल गर्नका लागि नागरीक समाजले उल्लेखिय भुमिका खेल्दछन् । सन् २०१७ देखि ब्रिजिङ्ग द ग्याप्स परियोजना अन्तर्गत क्षमता बिकास सम्बन्धी अनुसन्धान गर्नका लागि दक्षिण अफ्रिकाको डर्बन स्थीत क्वाजुलु नटल बिश्व विद्यालयमा रहेको Health Economics and HIV and AIDS Research Division (HEARD) बिभागले एड्स फण्डसंग सहकार्य गरेको थियो। सन् २०१८ देखि २०१९ सम्म संचालन भएको उक्त अनुसन्धानले नागरीक समाजका संस्थाहरु र सञ्जालहरुको क्षमता बिकासको पहिचानका साथै त्यसको प्रभावकारितामा बृद्धि गरि ब्रिजिङ्ग द् ग्याप परियोजनाको लक्ष्य हाँसिल गर्न मद्धत पुर्‍याएको थियो ।

यस अनुसन्धानको ढाँचा अनुरुप ब्रिजिङ्ग द् ग्याप्सका मुख्य ४ वटा साँझेदार संस्थाहरु संग सम्बन्धीत केस स्टडी पनि तयार गरिए अनुरुप युथ भिजन पनि केस स्टडी तयार गर्नको निमित्त मुख्य साझेदार संस्थाको रुपमा छानिएको थियो, किनकि सुईको माद्यमद्वारा लागु पदार्थ प्रयोगकर्ताहरुका लागि संचालित कार्यक्रम मार्फत यसले उल्लेखिय उपलब्धी हाँसिल गरि दिर्धकालिन मुख्य लक्ष्य प्राप्तिका लागि पनि युथ भिजनको भुमिका उल्लेखनिय छ । केस स्टडी निर्माणका लागि आबश्यक सुचना संकलन गर्न अनुसन्धानकर्ताहरुले उपलब्धि मापनको लागि “आउटकम्स हारभेष्टिङ्ग (Outcome harvesting)” नामक सहभागितामूलक पद्धतीको प्रयोग गर्दै उक्त कार्यमा युथ भिजनका कर्मचारीहरु, लक्षित लाभान्वित व्यक्तिहरु र रणनीतिक साँझेदारहरुको सहभागितमा परियोजना अवधी भरको उल्लेखनिय महत्वपूर्ण परिणाम वा उपलब्धीहरुको पहिचान गरि क्षमता बिकासमा गरिएको सहायताले उपलब्धी हाँसिल गर्न कसरी योगदान

**“आउटकम्स हारभेष्टिङ्ग (Outcome harvesting)” पद्धती अनुसार युथ भिजनले यस परियोजना अर्न्तगत हासिल गरेका ३ वटा मुख्य उपलब्धीहरु यस प्रकार रहेका छन् :**

- काठमाण्डौ, ललितपुर र भक्तपुरका सुईको माद्यमद्वारा लागु पदार्थ प्रयोगकर्ताहरुका लागि लक्षीत समुदाय मैन्त्री, प्रभावकारी तथा वृहत क्षति न्यूनीकरण सेवाहरुको उपलब्धता सम्बन्धि प्राबधान
- सेवाग्राहीहरुको आवश्यकता र उनीहरुको गतिशिलता अनुरुप व्यवस्थित सेवा सुनिश्चित तथा प्रदान गर्न सक्ने खालको आउटरिच रणनीतिहरुको समायोजन ।
- युथ भिजनको वित्तिय साथै अनुगमन तथा मुल्याङ्कन प्रणालीमा सुधार

पुग्यो भन्ने कुरा पनि हेरिएको थियो । यी उपलब्धीहरुलाई पुष्टि गर्न अध्ययन स्रोत तथा सर्न्दभ सामाग्रीहरुको समिक्षा, पुनरावलोकनका साथै मुख्य सुचनादाताहरु तथा युथ भिजनका कर्मचारी, यस कार्यक्रमका लाभान्वित ब्यक्तिहरुका साथै संस्था भन्दा बाहिरका ब्यक्तित्वहरुसंग अर्न्तवार्ता लिईएको थियो। अनुसशन्धानबाट प्राप्त निचोडहरुलाई थप पुष्टि गर्न र यसलाई वैधानिकता प्रदान गर्नका लागि ४ जुलाई २०१९ मा बिशेष कार्यशाला गोष्ठि आयोजना गरि युथ भिजनका बर्तमान र पूर्व कर्मचारीहरुका साथै अन्य सम्बन्धित सरोकारवालाहरु समक्ष प्रस्तुत गरि मान्यता दिईएको थियो ।

यस अनुसन्धानले जोखिमपूर्ण अवस्थामा पनि कसरी युथ भिजनले लक्षित समुदायहरु सम्म पुग्न उल्लेखनिय रुपमा सफलता प्राप्त गर्न सफल भयो भन्ने कुराहरुको बारेमा खोजी गरेको छ । युथ भिजनले सन् १९९० को अन्त्य देखि नै एचआईभी सम्बन्धी आउटरिच परार्मश सेवाहरु संचालन गर्दै आईरहेको थियो । यसका साथै निरन्तर रुपमा आउटरिच शिक्षा, सुई र सिरिन्ज साटासाट साथै एचआईभी परिक्षण कार्यक्रमहरु काठमाण्डौ उपत्यकका बिभिन्न स्थानहरुमा संचालन गर्दै आएको थियो । ब्रिजिङ्ग द ग्याप्स परियोजना अन्तरगत मेनलाईन फाउण्डेशनको वित्तिय तथा प्राविधीक सहयोगमा युथ भिजनको क्षति न्यूनीकरण कार्यक्रमलाई सुदृड पार्न क्षमता अभिबृद्धिका साथै स्तर उन्नती गराई काठमाडौ, ललितपुर तथा भक्तपुर जिल्लाहरुमा रहेका सुईको माद्यमद्वारा लागु पदार्थ प्रयोगकर्ताहरुका लागि उच्च गुणस्तरीय तथा मैन्त्रिपूर्ण सेवाहरु उपलब्ध गराईएको थियो। यो उपलब्धी युथ भिजनका कर्मचारीहरुको कडा मेहनत र दृढ संकल्पद्धारा हासिल भएको हो । उक्त कर्मचारीहरुलाई मेनलाईनको क्षमता बिकास सम्बन्धी क्रियाकलापहरुले मद्धत गरेको थियो । यस परियोजनाद्धारा धेरैले ब्यक्तिगत क्षमतामा पनि उल्लेखीय बिकास भएको कुरा व्यक्त गरेका थिए । कर्मचारीका साथै सेवाग्राहीहरुले पनी प्रणालीगत सुधारका कारणले गर्दा भएको परिबर्तनलाई नै समग्र उपलब्धी प्राप्त भएको ब्यक्त गरिएका छन् । बाह्य व्यक्ति तथा सरोकारवालाहरु ले समेत उक्त परिबर्तन र उपलब्धीहरुको प्रत्यक्ष अनुभव गरेका थिए ।

यस अनुसन्धानले, युथ भिजनले तय गरेको व्यक्तिगत क्षमता बिकास सम्बन्धी योजना तथा मार्गलाई ध्यानमा राखेको थियो । जसले गर्दा सेवाग्राहीहरु नै स्वयं सेवक हुँदै उनीहरुको क्षमता अनुसार बिभिन्न दर्जासम्म नियुक्त हुन सफल भए, यी मध्ये केही त कार्यक्रम ब्यवस्थापक सम्म पनी बने । तर धेरैजसो सेवाग्राहीहरुमा औपचारीक शैक्षिक योग्यता नभएको पाईयो । त्यसैले सफल क्षमता बिकासका लागि पर्याप्त सुचनाहरुलाई दोऱ्याउनु पर्दछ । यसको अर्थ बिभिन्न नौलो ज्ञान तथा सिपहरु सिकियो र ती सिकाईहरु दिगो कायम गर्नको निमित्त र सुनिश्चित गर्नका लागि विभिन्न बिधीहरुको प्रयोग गरिनु पर्दछ भन्ने हो । यस मध्ये तालिम नै क्षमता बिकासका लागि प्रयोग गरिने एउटा सामान्य बिधी हो । त्यसैले मेनलाईन फाउण्डेसनघद्धारा सहभागितामूलक प्रशिक्षण बिधि पद्धतिको प्रयोग गरि काम कै दौरानमा कर्मचारीहरुलाई निरन्तर सल्लाह दिई प्रशिक्षित गराउँने क्रम जारी रह्यो । यस बिधी अर्न्तगत मेनलाईनका कर्मचारीहरुले नै स्वयं युथ भिजनका आउटरिच कार्यकर्ताहरु संगसंगै स्थलगत भ्रमण गरि सेवाग्राहीहरुसंग अधिक प्रभावकारी अन्तरक्रिया गरि कसरी परार्मश गर्ने भन्ने प्राविधीक ज्ञान उपलब्ध गराए । आउटरिच कार्यमा नयाँ प्रबिधिको परिचय र प्रशिक्षण गर्दै “स्मार्ट कार्ड” पद्धतिको प्रयोगबाट पनि सेवा उपभोगको अवस्था ३ जिल्लाहरुमा कस्तो छ भन्ने ज्ञान प्राप्त गर्न उपयोगी भयो ।
प्रविधीले गर्दा युथ भिजनलाई सेवा क्षेत्र बिस्तार र गुणस्तरीय सेवा अभिबृद्धि गर्नका लागि मद्धत पुग्यो । कति सेवाग्राही सम्म के कस्ता सेवाहरु पुगेको छ भन्ने कुराको सहि तथ्यांङ्क सङ्कलन र बिष्लेषण गर्न पनि प्रविधी कै सहायताबाट सक्षम भएको छ । सहि तथ्यांङ्कै कारणले गर्दा सरोकारवालाहरुको

बीचमा युथ भिजनको प्रतिष्ठा उच्च हुनुका साथै लागुपदार्थ सम्बन्धी नीतिगत बहस र पैरवी गर्न संस्थागत क्षमताको बिकास भयो । यद्यपी, युथ भिजनले अन्य संस्थाहरु बीचमा रणनीतिक संजाल निर्माण नगरेकाले उक्त सशक्त नीतिगत पैरवी गर्ने अवसरबाट बञ्चित भयो । संस्थाको बातावरणमा हुने परिबर्तनका लागि सामुहिक रुपमा गर्ने कार्य महत्वपूर्ण हुनेछन्। अनुसन्धानको अवधीमा क्षति न्यूनिकरण सम्बन्धी सेवाहरुका प्राबधान अस्थिर रहेकाले युथ भिजनको गृह मन्त्रालयका साथै स्वास्थ्य तथा जनसख्या मन्त्रालय संगको प्रभावशाली छवि कमजोर हुने खतरा भयो । तर पर्याप्त मात्रामा तथ्यांङ्क र बिस्तृत प्रमाणहरु भएकाले लागु औषध प्रयोगकर्ताहरुको सहभागितामा सेवा प्रदान गर्ने योजना निर्माण भएको र सेवा गुणस्तरको सुनियोजितताले गर्दा युथ भिजनलाई राजनीतिक वृत्तमा प्रतिष्ठित र प्रभावशाली स्थानमा कामय रहनका लागि मद्धत गरेको थियो । उदाहरणको लागि, लागु पदार्थ सम्बन्धिका कानून सुधार गर्नका लागि थप सहभागी हुनु सक्थ्यो । तापनि युथ भिजन यस प्रक्रियामा संलग्न हुँदा हुदै पनि नेपालमा क्षती न्यूनीकरण कार्यक्रमका लागि वातावरण थप असहज बन्दै गयो । सुई साटासाट कार्यक्रम बिस्तार गर्ने प्राबधानका लागि वातावरण झन् थप जटिल बन्दै गएता पनी मौखिक प्रतिस्थापन कार्यक्रमका लागि भने अहिले सम्म पनि गृह मन्त्रायल र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट निरन्तर उल्लेखिय सहयोग र प्रोत्साहन भने प्राप्त भैरहेको छ । बास्तवमा, गृह मन्त्रालयको माथिल्लो स्तरमा सरुवाका कारण भैरहने परिवर्तनले गर्दा माथी उल्लेख गरिएको सहयोग पनि ढुक्क हुने अवस्था भने छैन । अर्को एउटा चुनौती के छ भने, उच्च स्तरका सरोकारवाला प्रशासनिक निकाय र नीति निर्माताले क्षति न्यूनिकरण कार्यक्रम र त्यसको नीतिगत पक्षको आवश्यकताको बारेमा प्रश्न उठाउने गरेका छन्। यस किसिमको चुनौती नेपालमा मात्र नभई समग्र महादेशहरुमा नै देखिने गरेको छ । दुखद कुरा के छ भने, ईन्डोनेशिया र बंगलादेशले पनि फिलिपिन्सले जस्तै लागु पदार्थ प्रयोगकर्ताहरु प्रती युद्धमा दुश्मन माथी गरिने कारवाही जस्तै गर्ने बताएको छ । यसले बलपूर्वक पक्राउ गर्ने, थुन्ने र गैर न्यायिक हत्या गर्ने जोखिम बढाएको छ ।

युथ भिजनका लागि ब्रिजिङ्ग द् ग्याप्स परियोजनाले पुऱ्याउँदै आएको आर्थिक सहायता अब निरन्तर नहुने भएकाले कार्यक्रमको निरन्तरतामा अबरोध आउने देखिन्छ र परियोजनाका कर्मचारीहरुले समेत अवकास पाउने भएका छन् । बित्तिय अस्थिरताका साथै नेपाल भन्दा बाहिर रहेका साझेदार संस्थाहरुको परियोजना संचालन गर्ने अनुमती पत्र समेत खारेजी हुने जोखिम बढेको कुरा थाहा भएको छ । यसले युथ भिजनको क्षमतालाई समेत जोखिम बढाएको देखिन्छ। हालसम्म यसले बनाएको बिश्वास र अनुकुल परिस्थिती पनि नष्ट हुने जोखिम बढेको छ । यसको अर्थ के भने, यदि परिस्थिति एकदमै बिग्रीयो भने युथ भिजनको वृहत क्षति न्युनिकरण कार्यक्रम र प्राविधीक क्षमता माथि भएको लगानी प्रयोगयोग्य न रहने परिस्थीति देखिन्छ ।